# बृन्दावन नगरपालिका

# स्थानीय राजपत्र

## बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८१

खण्डः ७ संख्याः १

पारित मितिः २०८१।०३।११ प्रमाणिकरण मितिः २०८१।०३।२५

भाग- १

# बृन्दावन नगर कार्यपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन

**<u>प्रस्तावना:</u>** बृन्दावन नगरपालिका आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्यवन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २८८ को उपधारा (२) बमोजिम सातौं नगर सभामा यो ऐन पारितका लागि पेश गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः-

(१) यस ऐनको नाम “बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन, २०८१ श्रावण १ गते देखि बृन्दावन नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **<u>भुमिकर (मालपोत कर)</u>**:- नगरपालिकाको क्षेत्र भित्र **अनुसूची (१)** बमोजिम भुमिकर (मालपोत कर) लगाइने र असुल उपर गरिनेछ ।

३. **<u>घरबहाल र जग्गा बहाल करः</u>-** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा **अनुसूची (२)** बमोजिम घरबहाल र घरजग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ । साथै नगरपालिकाको स्वामित्वमा रहेका उपकरणहरु प्रयोग गरेवापतको दस्तुर असुल उपर गरिनेछ ।

४. **<u>व्यवसाय करः</u>-** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची (३)** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **<u>व्यवसाय ईजाजत करः</u>-** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय ईजाजत (दर्ता र नविकरण) **अनुसूची (४)** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

६. **<u>जडिबुटी, कवाडी, र जीवजन्तु करः</u>-** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस,कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तु हाड,सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची (५)** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **<u>सवारी साधन करः</u>–** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा **अनुसूची (६)** बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **<u>विज्ञापन करः</u>–** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा **अनुसूची (७)** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **<u>मनोरञ्जन करः</u>–** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची (८)** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. **<u>वहाल बिटौरी शुल्कः</u>**– नगरपालिका क्षेत्र भित्रको आफ्नो जग्गामा निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूची (९)** मा उल्लेख भए अनुसार हाट, बजार, पसल, घरमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **<u>फोहर मैला व्यवस्थापन शुल्कः</u>**– नगरपालिकाले आफ्नो क्षेत्र भित्र फोहर मैला व्यवस्थापन शुल्क **अनुसूची (१०)** बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **<u>पटके सवारी करः</u>-** नगरपालिका क्षेत्र भित्र पटके सवारी साधनहरुमा **अनुसूची (११)** बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **<u>सेवा शुल्क, सिफारिस दस्तुर र पूर्वाधार उपयोग करः</u>-** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनुसूची (१२)** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **<u>विक्री तथा निकासी शुल्क :</u>**(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट तथा यस नगरपालिका भित्रबाट बिक्रि विवतण भई निकासी पैठारी हुने औद्योगिक कच्चा पदार्थ र प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट तथा यस नगरपालिका भित्रबाट बिक्रि विवतण भई निकासी पैठारी हुने औद्योगिक कच्चा पदार्थ र प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री प्रदेश कानुनले तोके बमोजिम र निकासी शुल्कको दर **अनुसूची (१३)** मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

१५. **<u>नक्सा पास सिफारिस शुल्कः</u>**–नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र **अनुसूची (१४)** बमोजिम नक्सा पास सिफारिस शुल्क असूल उपर गरिनेछ ।

१६. **<u>विविध शुल्क र उपकरण भाडा दरः</u>**– नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र **अनुसूची (१५)** बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१७. **<u>दण्ड जरिवाना शुल्कः</u>**– नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र नगरपालिकाको अनुमति विना घर संरचना बनाउने, ढुङ्गा, गिट्टी वालुवाको अनाधिकृत रुपमा ओसार पोसार गर्ने सार्वजनिक स्थल र सडक पेटिकामा जथाभावी फोहर

फाल्ने तथा निमार्ण सामाग्री एवं पशु चौपाया छाडा छोडने तथा नदिजन्य पदार्थ ढुवानी गर्दा नछोपी खुल्ला रुपमा ढुवानी गरेमा देहाय बमोजिम दण्ड जरिवाना **अनुसूची (१६)** बमोजिम असुल उपर गरिनेछ र अटेर गरेमा प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउने तथा जरिवाना बापत उठेको रकमको २५% रकम नियन्त्रनमा खटिने सुरक्षाकर्मीहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउनेछ ।

१८. **बजार ठेक्का दररेटः**– नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र **अनुसूची (१७)** बमोजिम बजार ठेक्काको दर रेट कायम गरि बजार ठेक्का लगाउनेछ ।

**अनुसूची-१**

दफा (२) सँग सम्बन्धी

**भूमी तथा मालपोत कर**

| क.स. | विवरण | दर (रु.) |
|---|---|---|
| १. | **बिरेन्द्र राजमार्गसँग जोडिएको जग्गाको हकमा** | |
| | - डेढ बिघासम्मको प्रति कठ्ठा | रु. १५।- |
| | - डेढ बिघा भन्दा माथि तिन बिघा भन्दा तल प्रति कठ्ठा | रु. २०।- |
| | - तिन बिघा भन्दा माथि प्रति कठ्ठा | रु. ३०।- |
| २. | **ग्रामिण क्षेत्रका खेती योग्य** | |
| | - डेढ बिघासम्मको प्रति कठ्ठा | रु. १०।- |
| | - डेढ बिघा भन्दा माथि तीन बिघा भन्दा तल प्रति कठ्ठा | रु. १५।- |
| | - तीन बिघा भन्दा माथि प्रति कठ्ठा | रु. २०।- |

**नोटः-** प्रत्येक आ.व. को भुमिकर (मालपोत कर) सोही आ.व. नतिरेमा अर्को आ.व. २५% जरिवाना लाग्नेछ ।

**अनुसूची २**

दफा (३) सँग सम्बन्धी

**घर बहाल तथा घरजग्गा बहाल कर**

| क.स. | विवरण | दर |
|---|---|---|
| १. | बहाल रकमको | १० प्रतिशत(मासिक) |

**अनुसूची ३**

दफा (४) सँग सम्बन्धी

**व्यवसाय कर**

| क.स . | व्यवासायको किसिम | श्रेणी "ख"(रु.) |
|---|---|---|
| १ | चिया उद्योग | १०००।- |
| २ | फर्निचर उद्योग | १५००।- |
| ३ | ईटा भट्टा | ५००००।- |
| ५ | स्टेशनरी तथा कपि उद्योग गर्नेलाई | १०००।- |
| ६ | आइसक्रिम, पाउरोटी उद्योग | ७५०।- |
| ७ | ग्रिल उद्योग | १३००।- |
| ८ | गलैचा उद्योग | १०००।- |

| क्र.स . | व्यवासायको किसिम | श्रेणी "ख"(रु.) |
|---|---|---|
| ९ | काठ चिरान मिल | २५००।- |
| १० | पापड, चिप्स उद्योग गर्नेलाई | ५००।- |
| ११ | प्लाष्टिकका सामान उत्पादन उद्योग | १५००।- |
| १४ | अटोमेटिक स्वचालित मिल | १०००।- |
| १५ | हालर,सेलर,कुटानी,पिसानी,पेलानी गर्ने मिल राईस मिल समेत | ७००।- |
| १६ | वेतवास फर्निचर | ७००।- |
| १७ | चिउरा मिल | १०००।- |
| १८ | लेज,दालमोठ,भूजिया उधोग | ७००।- |
| १९ | कपडा उद्योग | १०००।- |
| २० | मसला उद्योग | ७००।- |
| २१ | खैनी डिप तथा सुर्तिजन्य पदार्थ उद्योग | १५००।- |
| २२ | बिट र बोर्ड उत्पादन उद्योग | १०००।- |
| २३ | चिया नर्सरीबोट विरुवा सब्जी खेती | ३००।- |
| २४ | मोविल रिफाईन उद्योग | १२००।- |
| २५ | अगरबत्ती उद्योग | ३००।- |
| २६ | दालमोठ उद्योग | ३००।- |
| २७ | कपास उद्योग | १५००।- |
| २८ | कुकिज पाउरोटी उद्योग | ७००।- |
| २९ | बुक वाइन्डिङ्ग | ५००।- |
| ३० | डेरी उद्योग | १०००।- |
| ३१ | गार्मेनट उद्योग | २५००।- |
| ३२ | मिनरल वाटर उद्योग | २५००।- |
| ३३ | सोडा, स्कस, सर्वत उद्योग | १०००।- |
| ३४ | अचार उद्योग | ५००।- |
| ३५ | सेनेटरी उद्योग | १५००।- |
| ३६ | सिमेन्टका सामान ब्लक, रेलिङ्ग, इनार, रिङ्ग समेत | १२००।- |
| ३७ | टायल उद्योग | १०००।- |
| ३८ | माथि नपरेका अन्य उद्योगहरु | १२००।- |
| | **कृषि जन्य, पशुपालन तथा हस्तकला व्यवसाय** | |
| १ | कृषि भण्डार र गोला गद्दि | १२००।- |
| २ | दुध डेरी | ७५०।- |
| ३ | बंगुर पालन, पोल्ट्री र कृषि फार्म पशुपालन समेत | १५००।- |
| ४ | हस्तकला व्यवसाय | ५००।- |
| | **सप्लायर्स तथा सेवा मुलक संस्था** | |
| १ | सम्पूर्ण सप्लायर्स | २५००।- |
| २ | जनरल/कम्प्युटर सप्लायर्स | २५००।- |
| ३ | हार्डवेयर पसल | ७५००।- |
| ४ | कन्सल्टेन्सी सेवा | ७०००।- |
| | **सञ्चार तथा सुचना प्रदायक** | |
| १ | स्थानीय टेलिभिजन सेवा | ५०००।- |
| २ | एफ. एम. | १५००।- |
| ३ | केवल नेटवर्क | ३०००।- |
| ४ | ईन्टरनेट सेवा प्रदायक संस्था | ३०००।- |
| ५ | फोटोकपी र संचार सेवा | ७००।- |
| ६ | ढुवानी सेवा | १५००।- |
| ७ | होम डेलिभरी कुरियर सर्भिसलाई | ५००।- |

| क्र.स . | व्यवसायको किसिम | श्रेणी "ख"(रु.) |
|---|---|---|
| | **होटल व्यवसाय** | |
| १ | भोजनालय | १२००।- |
| २ | रेष्टरेण्ट एण्ड बार | १५००।- |
| ३ | होटल तथा मिष्ठान्न भण्डार | १०००।- |
| ४ | क्याटरिङ्ग पसल | १५००।- |
| ५ | मिष्ठान्न पसल | १०००।- |
| ६ | चिया र कफी सामान्य मिठाई पसल | ५००।- |
| ७ | कोल्ड सेन्टर हलुका पेय | ५००।- |
| ८ | मदिरा डिस्टीलरी पसल (Liquor Shop) | २५००।- |
| | सवारी विक्रेता, पम्प तथा स्थायी सम्पती | |
| १ | ट्रेक्टर सोरुम | ७०००।- |
| २ | पेट्रोल पम्म | ७५००।- |
| ३ | जग्गा प्लानिङ | ५०००।- |
| ४ | हेभी गाडी सोरुम | ८०००।- |
| ५ | कम्प्युटर विक्रेता | ५०००।- |
| ६ | ग्यास डिलर | ३०००।- |
| ७ | टाँयर सोरुम | २५००।- |
| | शैक्षिक संस्था | |
| १ | पूर्व प्राथमिक र शिशु स्याहार केन्द्र मन्टेश्वरी | २५००।- |
| २ | निजि स्तरका प्राथमिक स्तर | ३०००।- |
| ३ | निजि स्तरका निमावि स्तर | ३५००।- |
| ४ | निजि स्तरका मावि विद्यालय | ४०००।- |
| ५ | नीजि स्तरको क्याम्पस +२ समेत | ५०००।- |
| ६ | कम्प्युटर प्रशिक्षण | १५००।- |
| ७ | ड्राईभिङ प्रशिक्षण केन्द्र | २०००।- |
| ८ | ट्युसन ल्याङवेज सेन्टर | १०००।- |
| ९ | अन्य प्रशिक्षण केन्द्र | १२००।- |
| १० | तालिम तथा अनुसन्धान केन्द्र | १५००।- |
| ११ | कम्प्युटर, भाषा शिक्षा, कोचिङ्ग सेन्टर | १५००।- |
| | विशेषज्ञ परामर्श तथा व्यवसायी सेवा कर | |
| १ | चिकित्सक डाक्टर | ४०००।- |
| २ | पशु चिकित्सक डाक्टर | २५००।- |
| ३ | दन्त चिकित्सक डाक्टर | २५००।- |
| ४ | परामर्श तथा इञ्जिनियर | १५००।- |
| ५ | ओभरसियर | १०००।- |
| ६ | कानुन व्यवसायी | २०००।- |
| ७ | कम्पाउण्डर (HA/CMA) | ७००।- |
| ८ | वीमा एजेन्ट र शेयर दलाल | १०००।- |
| ९ | कविराज | ५००।- |
| १० | अनुसन्धानकर्ता र परामर्शदाता | २५००।- |
| ११ | सर्भेयर | १५००।- |
| १२ | घर निर्माण ठेकेदारी व्यवसाय | २५००।- |
| १३ | लेखापरीक्षक | १५००।- |
| | मर्मत तथा मर्मत सामाग्री विक्रेता | |
| १ | मिल मेशिनरी पसल | १५००।- |

| क्र.स . | व्यवसायको किसिम | श्रेणी "ख"(रु.) |
|---|---|---|
| २ | मोटर पार्टस पसल | १५००।- |
| ३ | जीपकार मर्मत गर्ने पसल | १५००।- |
| ४ | साईकल पसल | ५००।- |
| ५ | मोटर तथा मोटर साईकल मर्मत | ७५०।- |
| ६ | टि.भि. फ्रिज मर्मत गर्ने पसल | ७५०।- |
| ७ | घडि रेडियो ,मोवाईल मर्मत गर्ने पसल | ७००।- |
| ८ | टायर मर्मत गर्ने, रिसोलिङ्ग | ५००।- |
| ९ | हावा भर्ने पसल | ३००।- |
| १० | ट्रक, बस मर्मत | १५००।- |
| | अस्पताल तथा क्लिनिक | |
| १ | निजि अस्पताल,नर्सिङ्ग होम समेत | ५०००।- |
| २ | डाइग्नोसिस सेन्टर | २५००।- |
| ३ | औषधी पसल क्लिनिक सहित | ३०००।- |
| ४ | औषधी पसल | २०००।- |
| ५ | एग्रो भेटनरी औषधी पसल | १५००।- |
| ६ | चिकित्सा, एक्स-रे सेवा | १५००।- |
| ७ | ल्याब तथा दिशा, पिसाब ,खकार परीक्षण गर्नेलाई | १५००।- |
| ८ | सर्जिकल सामान बिक्री पसल | १५००।- |
| ९ | एक्युपन्चर थेरापी | ७००।- |
| १० | आयुर्वेदिक तथा होमियोपेथिक पसल | ५००।- |
| | फोटो स्टुडियो तथा फ्लाक्स प्रिन्ट | |
| १ | कलर ल्याब | १०००।- |
| २ | फोटो स्टुडियो | ७००।- |
| ३ | फ्लेक्स प्रिन्ट गर्ने व्यवसाय | १०००।- |
| | वित्तिय संस्था | |
| १ | क वर्ग बैंक प्रति कार्यालय | १३०००।- |
| २ | ख वर्ग बैंक प्रति कार्यालय | ९०००।- |
| ३ | ग वर्ग बैंक प्रति कार्यालय | ५०००।- |
| ४ | घ लघु वित्त कम्पनी | ३०००।- |
| ५ | सहकारी वार्षिक शुल्क | १०००।- |
| ६ | मनी टान्सफर | १५००।- |
| ७ | बिमा व्यवसाय | ३०००।- |
| ८ | माथि उल्लिखित बाहेक अन्य वित्तिय संस्था | २०००।- |
| | वैदेशिक रोजगार तथा सुरक्षा सेवा | |
| १ | मेन पावर र ओभरसिज सर्भिस र वैदेशिक रोजगार सेवा | ५०००।- |
| २ | सेक्युरिटी सेवा | १५००।- |
| | स्टोर. किराना, पार्लर, सैलुन, चश्मा तथा क्याफे आदि | |
| १ | साईवर क्याफे | १०००।- |
| २ | स्नुकर तथा पुल हाउस | १०००।- |
| ३ | ब्युटी पार्लर | ५००।- |
| ४ | सैलुन | ५००।- |
| ५ | टेलर्स व्यवसाय | ५००।- |
| ६ | चश्मा घर | ५००।- |
| ७ | बुटिक ल्याब्रोटरी | ५००।- |
| ८ | ड्राईक्लिनर्स | ५००।- |

| क्र.स . | व्यवासायको किसिम | श्रेणी "ख"(रु.) |
|---|---|---|
| ९ | डिपाटटमेन्टल स्टोर | २५००।- |
| | अन्य पसल व्यवसाय | |
| १ | गल्ला किराना पसल | १२००।- |
| २ | कपडा पसल | १०००।- |
| ३ | सुनचाँदी पसल | २०००।- |
| ४ | सुनचाँदीको गहना बनाउने पसल | २०००।- |
| ५ | कस्मेटिक र मनिहारी पसल | १०००।- |
| ६ | चुरी व्यवशाय | ५००।- |
| ७ | ईलेक्ट्रोनिक पसल | १५००।- |
| ८ | बिजुली पसल | १०००।- |
| ९ | मोवाईल पसल | १०००।- |
| १० | रेडिमेड पसल | १०००।- |
| ११ | जुत्ता चप्पल पसल | ७५०।- |
| १२ | जुत्ता सो रुम | १०००।- |
| १२ | धर्मकाटा | २५००।- |
| १३ | पुस्तक स्टेशनरी पसल | १०००।- |
| १४ | भाडा पसल थोक र खुद्रा | १०००।- |
| १५ | कुचा, चित्रा, नाङ्ला पसल | ३००।- |
| १६ | कवाडी पसल | २५००।- |
| १७ | घुम्तीमा गर्ने पसल | ५००।- |
| १८ | पान पसल | ५००।- |
| १९ | फोटो फ्रेमिङ पसल | ५००।- |
| २० | सुर्ति र खैनी तम्बाकु पसल | ७५०।- |
| २१ | सिमेन्टको बिभिन्न समाग्री बनाउने | १०००।- |
| २२ | गोरु गाडा बनाउने मर्मत केन्द्र | ५००।- |
| २३ | जुत्ता र डन्लपको सामान बिक्री पसल | ५००।- |
| २४ | चियापत्ति, छुर्पी बिक्रि पसल | १०००।- |
| २५ | जातो सिलौटा पसल | ३००।- |
| २६ | सिकर्मी डकर्मी | ३००।- |
| २७ | फलामे मालसामान बनाउने | ३००।- |
| २८ | साउण्ड सिस्टम लगाउने | १२००।- |
| २९ | क्यासेट सिडी बिक्री गर्ने पसल | ३००।- |
| ३० | बैण्डबाजा समुह | १०००।- |
| ३१ | मासु पसल फ्रेस हाउस | ७००।- |
| ३२ | अण्डा , माछा र सिद्रा विक्री पसल | ३००।- |
| ३३ | छाला संकलन र विक्री गर्ने | ५००।- |
| ३४ | तरकारी व्यवसाय | ३००।- |
| ३५ | फलफुल व्यवसाय | ३००।- |
| ३६ | सिसा व्यवसाय | १०००।- |
| ३७ | टेन्ट हाउस | १२००।- |
| ३८ | फर्निसीङ व्यवसाय | १५००।- |
| ३९ | भिडियो देखाउनेलाई | १०००।- |
| | मेला लगाउनेलाई | |
| १ | प्लाष्टिक सामाग्रीको व्यवसाय | २०००।- |

| क्र.स . | व्यवासायको किसिम | श्रेणी "ख"(रु.) |
|---|---|---|
| २ | शारीरिक व्यायमशाला | १५००।- |
| ३ | शाखा कार्यालय खोल्न | १०००।- |
| ४ | सिभिल ल्याब दर्ता दस्तुर | ५०००।- |
| ५ | माथि उल्लिखित बाहेकका कुनै पनि व्यवसाय र उद्योगलाई तत्काल निर्णय गरी | ५०० देखि |
| | नगर सभामा अनुमोदन गराउने गरी प्र.प्र.अ. लाई करारोपण अधिकारी बनी कर लगाउन सकिने छ । | ५००० सम्म |

| क्र.सं. | उद्योग कलकारखाना | दर्ता शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १ | ठुला उद्योग | रू. ५०,०००।- | रू. ३०,०००।- |
| २ | मझौला उद्योग | रू. ३०,०००।- | रू. १५,०००।- |
| ३ | साना उद्योग | रू. १५,०००।- | रू. ५,०००।- |

१. यस नगरपालिका क्षेत्र भित्रका कुनै व्यवशायीहरुले साविकको व्यवशायका अतिरिक्त थप कुनै सामाग्रीको डिलर लिएको भए प्रति डिलर न्यूनतम रु. ५००।- र थप गरी निजको व्यवसाय कर अशुल गरिनेछ ।

२. व्यवसाय कर बुझाउदा प्रत्येक चालु आ.ब. को पौष मसान्तसम्म तोकिएको दस्तुर बुझाए लाग्ने करमा १०% छुट गरिने र सोहि आ.व.को साउन मसान्तसम्ममा बुझाए सो छुट नदिने साथै १ (एक) आ.ब. को वक्यौता रहेमा पहिलो वर्ष १०%, दोस्रो वर्ष १५%, तेस्रो वर्ष २०% र सो भन्दा माथि भए सम्पुर्ण कर रकममा २५% का दरले जरिवाना तोकिने छ।

**अनुसूची -४**

(ऐनको दफा ५ सँग सम्बन्धित)

**व्यवसाय इजाजत (दर्ता, नबिकरण) दस्तुरको दर**

| क्र.सं. | विवरण | दर रेट |
|---|---|---|
| १ | “घ” वर्गको ठेक्का पट्टा इजाजत-पत्र शुल्क | रु. १५,०००।- |
| २ | “घ” वर्गको ठेक्का पट्टा इजाजत-पत्र नवीकरण शुल्क | रु. ५०००।- |
| ३ | संस्था दर्ता शुल्क (गैर सरकारी संस्था) | रू. ३५००।- |
| ४ | संस्था नविकरण शुल्क (गैर सरकारी संस्था) | रू. १५००।- |
| ५ | कृषक समूह दर्ता शुल्क | रु. १०००।- |
| ६ | कृषक संस्था नवीकरण शुल्क | रु. १०००।- |
| ७ | क्रसर दर्ता शुल्क/वालुवा प्रशोधन केन्द्र | रु. २५,०००।- |
| ८ | क्रसर नवीकरण शुल्क/वालुवा प्रशोधन केन्द्र | रु. १५,०००।- |
| ९ | मदिरा पसल व्यवसाय दर्ता तथा नवीकरण | रु. ५०००।- |
| १० | ईट्टा भट्टा सञ्चालन र ईजाजत पत्र | रु. ३०,०००।- |
| ११ | ईट्टा भट्टा सञ्चालन र ईजाजत पत्र नवीकरण | रू. १५,०००।- |
| १२ | सूचिकृत (व्यवसाय, सप्लायर्स, ट्रेर्डस तथा अन्य दर्ता) | रू. ५००।- |
| १३ | पसल कवल व्यवसाय दर्ता (१ लाख सम्म) | रू. २००।- |
| १४ | पसल कवल व्यवसाय दर्ता शुल्क (१ लाख भन्दा माथि र ५ लाख भित्र) | रू. ३००।- |

| | | |
|---|---|---|
| १५ | पसल कवल व्यवसाय दर्ता शुल्क (५ लाख भन्दा माथि र १ करोड भित्र) | रू. ५००।- |
| १६ | पसल कवल व्यवसाय दर्ता शुल्क (१ करोड भन्दा माथि) | रू. १०००।- |
| १७ | उपभोक्ता समिति दर्ता शुल्क/नवीकरण शुल्क | रू. १०००।- |

**नोटः-** गैर नाफामुलक संस्था/समुह सूचिकृत हुन आएमा निःशूल्क सूचिकृत गरिनेछ ।

**अनुसूची-५**

दफा (५) सँग सम्बन्धी

जडिबुटी, कवाडी र जीवजन्तु कर

क) धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरुमा निम्न बमोजिमको निकासी दर सिफारिस गर्ने।

| सि.नं | बिवरण | दर | सि.नं | बिवरण | दर |
|---|---|---|---|---|---|
| १ | दाउरा प्रति चट्टा | ८००।- | ३० | मिठा प्रति टायर गाढा | ३००।- |
| २ | दाउरा प्रति हाफ चट्टा | ४००।- | ३१ | मिठा प्रति ट्रक | २००।- |
| ३ | दाउरा प्रति ट्याक्टर | ४००।- | ३२ | मिठा प्रति टायर | १००।- |
| ४ | ह्यमपाईप रिङ ९० से.मि. सम्म | ५०।- | ३३ | दराज पलङ प्रति गोटा | ५०।- |
| ५ | ह्यमपाईप रिङ ९० से.मि. भन्दा ठुलो | ७५।- | ३४ | पिना प्रति बोरा | १०।- |
| ६ | खसी बोकाको छाला प्रति ट्रक | ५००।- | ३५ | माछा प्रति टोकरी/क्रेट | १०।- |
| ७ | खसी बोकाको छाला प्रति ट्याक्टर | २००।- | ३६ | भैसी,रागा गाई गोरु प्रति गोटा | ५०।- |
| ८ | खसी बोकाको छाला प्रति टायर गाढा | १००।- | ३७ | हास परेवा कुखुरा प्रति गोटा | ५।- |
| ९ | हाडखोर प्रति ट्रक | ५००।- | ३८ | खसी, बोका, बाखा,बंगुर सुगुर प्रति गोटा | २०।- |
| १० | हाडखोर प्रति ट्याक्टर | २००।- | ३९ | झाडु प्रति बण्डल | ५०।- |
| ११ | हाडखोर प्रति टायर | १००।- | ४० | खैनी प्रति बोरा | ५०।- |
| १२ | आँप, स्याउ, नासपती , सुतला, मौसमी अनार अंगुर लगायत फलफुल प्रति टोकरी/क्रेट | २।- | ४१ | धान, मकै, गहु,चामल,आटा मैदा,सुजि बेसन, लगाएत सर्म्पुण खाद्यन्न प्रति कुइन्टल | २।- |
| १३ | सिमेन्ट टायल प्रति ट्रक | ४००।- | ४२ | सिमेन्ट टायल प्रति ट्याक्टर | २००।- |
| १४ | माटोको टायल प्रति ट्रक | ३००।- | ४३ | सिमेन्ट टायल प्रति टायर | १००।- |
| १५ | माटोको टायल प्रति ट्याक्टर | २००।- | ४४ | तेलहन, दलहन प्रति क्वीनटल | ५।- |
| १६ | माटोको टायल प्रति टायर | १००।- | | | |
| १७ | कवाडी प्रति ट्रक | ७००।- | ४६ | हरीयो मकै प्रति बोरा | ५।- |
| १८ | कवाडी प्रति ट्याक्टर | ३००।- | ४७ | बेसार प्रति बोरा | ५।- |
| १९ | कवाडी प्रति ट्याक्टर | १००।- | ४८ | सिलोट ढुङ्गा प्रति गोटा | ५।- |
| २० | धान र गहुको भुस प्रति ट्रक | ५००।- | ४९ | डि.सि.एम.सानो ट्रक किराना समान विविध | १५०।- |
| २१ | धान र गहुको भुस प्रति ट्याक्टर | २००।- | ५० | पिकअप विविध किराना समान | १२५।- |
| २२ | धान र गहुको भुस प्रति टायर | १००।- | ५१ | ठुलो ट्रक विविध किराना समान | ३००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | इटा प्रति गोटा | ५ पैसा | ५२ | टेक्टर विविध किराना समान | २००।- |
| २४ | जंगली जडिबुटी प्रति बोरा | २०।- | ५३ | डोको मान्द्रो प्रति गोटा | ५।- |
| २५ | कुरीलो प्रति बोरा | २०।- | ५४ | अदुवा प्रति बोरा | १०।- |
| २६ | आलु प्याज प्रति क्वीनटल | ५।- | ५५ | अण्डा प्रति कार्टुन | १०।- |
| २७ | टमाटर ,कोभी बन्दा ,च्याउ तरकारी जन्य बस्तु प्रति त्रेट | ५।- | ५६ | गोलिया प्रति क्युफिट | १२।- |
| २८ | कवाडी फलाम प्रति ट्रक १० चक्के र सो भन्दा माथि | १५००।- | ५७ | कवाडी फलाम प्रति ट्रक ६ चक्के | १०००।- |
| २९ | कवाडी फलाम प्रति टेक्टर | ५००।- | ५८ | बिरुवा प्रति गोटा | ५।- |

**अनुसूची-६**

दफा (६) सँग सम्बन्धी

सवारी साधन कर

| क्र.स. | विवरण | दस्तुर |
|---|---|---|
| १ | ई रिक्सा सवारी दर्ता तथा नवीकरण / बाटो ईजाजत सहित | रु ५००।- |
| २ | बस, ट्रक,लहरी, टिपर तथा हेवी यन्त्र उपकरणहरु लगायतका ठुला सवारी | रु २०००।- |
| ३ | मिनी बस,मिनी ट्रक/टिपर, ट्र्याक्टर लगायतका मझौला सवारी | रु १०००।- |
| ४ | जिप कार भ्यान, पिकअप, टेम्पो लगायतका साना सवारी | रु ७५०।- |
| ५ | मोटर साइकल (निजी)- स्थानीय सवारी कर (वार्षिक) | रु २५।- |

**अनुसूची-७**

दफा (७) सँग सम्बन्धी

विज्ञापन कर

नगरपालिकाको शहरी क्षेत्र भित्रको सार्वजनिक स्थलमा कुनै सांकेतिक बोर्ड वा विज्ञापनको होडिङ बोर्ड, ब्यानर वापत देहाय अनुसार कर लाग्ने छ ।

| क्रसं. | बिवरण | दर(रु) | अवधि |
|---|---|---|---|
| १ | साइन बोर्ड डी.पी एस बोर्ड होर्डिंग बोर्ड , वालबोर्ड (प्रति बर्ग फीट) | ५०।- | बार्षिक |
| २ | थ्री डी बोर्ड लाइट होर्डिंग बोर्ड (प्रति बर्ग फीट) | १००।- | बार्षिक |
| ३ | फ्लेक्स ब्यानर (प्रति बर्ग फीट) | ३०।- | बार्षिक |
| ४ | भित्ते लेखन (प्रति बर्ग फीट) | १०।- | बार्षिक |
| ५ | पोल ब्यानर (प्रति मीटर) | २००।- | बार्षिक |
| ६ | वाल पेन्ट (प्रति बर्ग फीट) | ५।- | बार्षिक |
| ७ | पोल बोर्ड (प्रति पोल) | ५००।- | बार्षिक |
| ८ | सुर्ती र मदिरा जन्य पदार्थको हकमा २५ प्रतिसत थप | | बार्षिक |

## अनुसूची-८
दफा (८) सँग सम्बन्धी
मनोरञ्जन कर

| क्र.स. | विवरण | दस्तुर |
|---|---|---|
| १ | "क" बर्गको लागि चलचित्र भवन | रु १५००।- |
| २ | "ख" बर्गको लागि चलचित्र भवन | रु १०००।- |
| ३ | मेलामा लगाइने सर्कस,नाच आदिको लागि प्रति दिन | रु १०००।- |

## अनुसूची-९
दफा (९) सँग सम्बन्धी
बहाल बिटौरी शुल्क

| क्र.स. | विवरण | दस्तुर |
|---|---|---|
| १ | प्रति वर्ग फुट | रु. २ प्रति वर्गफुट (मासिक) |

## अनुसूची-१०
दफा (११) सँग सम्बन्धी
फोहर मैला व्यवस्थापन शुल्क

| क्र.स. | विवरण | ईकाइ | मासिक दर | बार्षिक दर |
|---|---|---|---|---|
| १ | बजार क्षेत्र भएका एक तल्ले घरहरु | प्रति घर | १००।- | १०००।- |
| २ | बजार क्षेत्रमा भएका दुई तल्ला भन्दा माथिको घरहरु | प्रति घर | १५०।- | १५००।- |
| ३ | बजार क्षेत्रका व्यवसायिक सटरहरु | प्रति घर | ५०।- | ५००।- |
| ४ | ग्रामिण क्षेत्रहरु घरहरु | प्रति घर | ५०।- | ५००।- |
| ५ | नरसिङ्गहोम, होटल तथा ग्यारेजहरु | प्रति घर | २५०।- | २५००।- |

**नोटः–** फोहरको मात्रा बढी हुनेसँग आपसी सहमतीमा फोहर मैला व्यवस्थापन शुल्क असुल गरिनेछ ।

## अनुसूची ११
दफा (१२) सँग सम्बन्धी
(पटके सवारी कर)

| क्र.सं. | पटके सवारी करको हकमा | दर |
|---|---|---|
| १ | बस/ट्रक/ | रु. २०।- |
| २ | जिप/कार/भ्यान/टेकटर/टेम्पु | रु. १०।- |
| ३ | मोटर साइकल स्तरका सावारी साधन | निःशूल्क |

## अनुसूची-१२

दफा (१३) सँग सम्बन्धी

(सेवा शूल्क, सिफारिस दस्तुर र पूर्वाधार उपयोग कर)

**क) अचल सम्पत्ति मुल्याङ्कन सेवा शुल्क**

- प्रति हजार रु.१ का दरले सम्पत्ति मुल्याकन सेवा शुल्क लिईनेछ ।
- विद्यार्थीहरुले सम्पती मुल्याङ्कन गराई विदेशमा अध्ययन गर्न जानेको हकमा मुल्याङ्कन गरिएको रकमको ५० प्रतिशतका दरले छुट दिई मुल्याङ्कन सेवा शुल्क लिइने छ ।

**सिफारिस दस्तुरः**

| क्र.सं. | विवरण | दर रेट |
|---|---|---|
| १ | **सिफारिस तथा नाता प्रमाणित** | |
| | **१. नाता प्रमाणित** | |
| | (क) मृतकसंगको नाता प्रमाणित | रू. १००।- |
| | (ख) जिवितसंगको नाता प्रमाणित | रु. १००।- |
| | (ग) अङ्ग्रेजीमा सिफारिस | रु. १००।- |
| | **२. नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस** | |
| | (क) वंशज | निःशूल्क |
| | (ख) बैवाहिक अङ्गीकृत | रु. २००।- |
| | (ग) प्रतिलिपि | रु. १००।- |
| २ | बहाल करको लेखाजोखा सिफारिस | २ प्रतिशत |
| ३ | बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने | रु. २००।- |
| ४ | मोहि लगत कटाको सिफारिस | रु. ५००।- |
| ५ | घर जग्गा करको लेखाजोखा सिफारिस | रु. ५००।- |
| ६ | **जन्म मिति प्रमाणित** | |
| | (क) नेपाली | रु. ५०।- |
| | (ख) अङ्ग्रेजी | रु. १००।- |
| ७ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको तथा व्यपार व्यवासाय हुदै नभएको सिफारिस | रु. ५००।- |
| ८ | बिवाह प्रमाणित तथा अबिवाहित प्रमाणित | रु. ५०।- |
| ९ | निशूल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस | निःशूल्क |

| | | |
|---|---|---|
| १० | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित | रु. १००।- |
| ११ | घर पाताल प्रमाणित | रु. ५००।- |
| १२ | व्यक्तिगत विवरण प्रमाणित | रु. १००।- |
| १३ | जग्गाधनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस | रु. ५००।- |
| १४ | कुनै व्यक्तिको नाम,थर, जन्म, मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | रु. ५०।- |
| १५ | नाम, थर जन्म, मिति संशोधनको सिफरिस | रु. ५०।- |
| १६ | जग्गाधनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस | रु. १००।- |
| १७ | किताकात गर्न सिफारिस | रु. ५००।- |
| १८ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | रु. ५०।- |
| १९ | जिवित रहेको सिफारिस | रु. १००।- |
| २० | हकवाला वा हकदार प्रमाणित | रु. ५००।- |
| २१ | नामसारी गर्न सिफारिस | रु. ५००।- |
| २२ | जग्गाको हक सम्बन्धमा सिफारिस | रु. १००।- |
| २३ | जग्गा वर्गीकरण सिफारिस | रू. १००।- |
| २४ | उद्योग ठाउँसारी गर्न सिफारिस | रु. १०००।- |
| २५ | आधारभूत विद्यालय खोल्न सिफारिस (संस्थागत) | रु. १०००।- |
| २६ | जग्गा मूल्यांकन सिफारिस प्रति लाखमा | रु. १००।- |
| २७ | विद्यालयको कक्षा थप गर्न सिफारिस | रु. १०००।- |
| २८ | अशक्त असहायक तथा अनाथको पालनपोषणको लागि सिफारिस | निःशूल्क |
| २९ | **आर्थिक अवस्था कमजोर वा समपन्न रहेको सिफारिस** | |
| | (क) विपन्नताको हकमा | निःशूल्क |
| | (ख) समपन्नताको हकमा | रु. ५००।- |
| ३० | विद्यालय ठाँऊसारी गर्ने सिफारिस (संस्थागत) | रु. १०००।- |
| ३१ | **धारा तथा बिजुली जडानको लागि सिफारिस** | |
| | (क) घरायसी प्रयोजनको हकमा | रु. ५०।- |
| | (ख) कृषि प्रयोजनको हकमा | रु. ५०।- |
| | (ग) औद्योगिक प्रयोजनको हकमा | रु. ५००।- |
| ३२ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित | रू. २००।- |
| ३३ | **बसोबास प्रयोजन** | |
| | (क) बैदेशिक प्रयोजन | रु. ५००।- |

| | | |
|---|---|---|
| | (ख) स्वदेशी प्रयोजन | रु. १००।- |
| ३४ | घर निर्माण समपन्नता सिफारिस | रु. ५००।- |
| ३५ | चार किल्ला प्रमाणित | रु. १००।- |
| ३६ | दलित, जनजाति, मधेशी, मुस्लिम तथा अन्य प्रमाणित | रु. ५०।- |
| ३७ | **चारित्रिक प्रमाणित** | |
| | (क) नगरपालिका बाहिर | रु. २००।- |
| | (ख) नगरपालिका भित्र | रु. १००।- |
| ३८ | भारत जाने सिफारिस | रु. १००।- |
| ३९ | अन्य मुलुक जाने सिफारिस | रु. २००।- |
| ४० | दैविक विपति तथा भवितव्य परेको सिफारिस | निःशूल्क |
| ४१ | विदेशी संग बिवाह दर्ता सिफारिस भारत बाहेक | रु. १०००।- |
| ४२ | पेट्रोल पम्प स्थापाना सिफारिस | रु. ५०००।- |
| ४३ | मोबाईल टावर ईजाजत सिफारिस | रु. ५०००।- |
| ४४ | ठेक्का पट्टा ईजाजत सिफारिस | रु. ५००।- |
| ४५ | **अपुताली प्रमाणित** | |
| | (क) नेपालीको लागि धर्मपुत्र | रु. ५०००।- |
| | (ख) विदेशीको लागि धर्मपुत्र | रु. १००००।- |
| ४६ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई) ३५ दिन देखि छ महिना भित्र गराए | निःशूल्क |
| ४७ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई छ महिना पछि) गराए | रु.२००।- |
| | जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता र बसाई सराई प्रतिलिपि | रु. ५००।- |
| ४८ | स्वास्थ्य उपचारको सिफारिस | निःशूल्क |
| ४९ | असक्त, अपाङ्ग, जेष्ठ नागरिक सिफारिस | निःशूल्क |
| ५० | विपद व्यवस्था, दैवी प्रकोप दस्तुर | निःशूल्क |
| ५१ | घरेलु तथा साना उद्यो सिफारिस | रु. १००० ।- |
| ५२ | घरबाटो सिफारिस | रु. २०० ।- |
| ५३ | घर भए, नभएको प्रमाणित | रु. २०० ।- |
| ५४ | विद्युत मिटर नामसारी तथा ठाउँ सारी सिफारिस | रु. २००।- |
| ५५ | वैदेशिक राहदानी सिफारिस शुल्क | रु. २००।- |
| ५६ | कपाली तमसुक | रू. २५०।- |
| ५७ | परिक्षा शुल्क | लोक सेवा आयोगले तोके अनुसार । |

## पुर्वाधार उपयोग कर
## चादी र बागमती खोला

| सि.नं. | सवारी साधन | दर | |
|---|---|---|---|
| १ | ट्रेक्टर | ५० ।- | ढुङ्गा, ग्राभेल, गिट्टी ,बालुवा र नदी जन्य पदार्थ ढुवानीको लागि मात्र |
| २ | ट्रक, टिपर, ६ चक्के | ७५ ।- | |
| ३ | ट्रक, टिपर, १० चक्के | १०० ।- | |

## अनुसुची-१३

### बिक्री तथा निकाशी शुल्क दस्तुरको दर

| सि.नं. | राजस्वका क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | नदि जन्य पदार्थ को बिक्रि ढुंगा ,गिट्टी बालुवा मिक्स ग्राभेल बिक्रि तथा निकासी | प्रति क्यू.फिट | रू. ५.५०।- | |
| २ | क्रसर तथा बालुवा प्रशोद्धन उद्योगबाट उत्पादित ढुंगा, गिट्टी, बालुवा, बेस, डस्ट, चिप्स आदि। | प्रति सेफ्टी | रू. १.५०।- | |

## अनुसूची-१४

दफा (१४) सँग सम्बन्धी

नक्सा पास सिफारिस शुल्क

### क. नयाँ घर नक्सा पासको लागि

| क्र.स. | तल्ला | आर. सि.सि. फ्रेम स्ट्रक्चर | | ट्रस स्ट्रक्चर | |
|---|---|---|---|---|---|
| | | सटर नभएको | सटर भएको | व्यवसायिक | गैर व्यवसायिक |
| १. | अन्डर ग्राउण्ड पार्किङ्ग/गोदाम | रू. ३ (प्रति वर्ग फिट) | | रु. ७ (प्रति वर्ग फिट) | रु. ३ (प्रति वर्ग फिट) |
| २. | भुँई तल्ला | रु. ५ (प्रति वर्ग फिट) | रु. ७ (प्रति वर्ग फिट) | | |
| ३. | पहिलो तल्ला | रु.६ (प्रति वर्ग फिट) | रु. ८ (प्रति वर्ग फिट) | | |
| ४. | दोश्रो तल्ल वा सो भन्दा माथि | रु. ७ (प्रति वर्ग फिट) | रु. ९ (प्रति वर्ग फिट) | | |

| | | |
|---|---|---|
| ५. | बाउण्ड्री कम्पाउण्ड वाल प्रति रनिङ फिट | रू. २।- |
| ६. | घर नक्सा फायल प्रति फायल | रू.५००।- |
| ७. | घर सम्पन्न प्रमाण पत्र | रू.१०००।- |
| ८. | नक्शा नामसारी | रू.२०००।- |
| ९. | घर निर्माण गर्दा सरसफाई शुल्क- नक्सा पासको निवेदन पेश गरे पश्चात घर निर्माण सरसफाई शुल्क वापत | रू.१०००।- |

**ख. घर तथा भवन अभिलेखिकरणका लागि**

| क.स. | तला | आर. सि.सि. फ्रेम स्ट्रक्चर | | ट्रस स्ट्रक्चर | |
|---|---|---|---|---|---|
| | | सटर नभएको | सटर भएको | व्यवसायिक | गैर व्यवसायिक |
| १. | अन्डर ग्राउण्ड पार्किङ्ग/गोदाम | रू. ३ (प्रति वर्ग फिट) | | रु. ७ (प्रति वर्ग फिट) | रु. ३ (प्रति वर्ग फिट) |
| २. | भुँई तला | रु. ७ (प्रति वर्ग फिट) | रु. ८ (प्रति वर्ग फिट) | | |
| ३. | पहिलो तला | रु.८ (प्रति वर्ग फिट) | रु. ९ (प्रति वर्ग फिट) | | |
| ४. | दोश्रो तला वा सो भन्दा माथि | रु.८ (प्रति वर्ग फिट) | रु. १० (प्रति वर्ग फिट) | | |

**नोटः-**

क. नयाँ घर नक्सा पास र घर तथा भवन अभिलेखिकरणको न्युनतम दस्तुर रु. १०००।— हुनेछ ।

## अनुसूची-१५

दफा (१६) सँग सम्बन्धी

विविध शुल्क र उपकरण भाडा दर

| नगर क्षेत्रभित्रका निजि तथा सार्वजनिक जग्गा र नदी/खोलाहरुबाट उत्खन्न हुने ढुँगा गिट्टी,बालुवा र माटोमा मधेश प्रदेशको नियमानुसार लाग्ने दहत्तर बहत्तर शुल्क | | |
|---|---|---|
| **विविध शुल्क** | | |
| **सि.न.** | **विवरण** | **बार्षिक शुल्क रु.मा** |
| १ | इट्टाभट्टा र क्रसर उद्योगहरुमा लाग्ने प्रदुषण शुल्क | २५०००।- |
| २ | इट्टाभट्टा र क्रसर उद्योगहरुमा लाग्ने स्थानीय पूर्वाधार मर्मत सम्भार शुल्क | ५००००।- |
| ३ | बालुवा प्रशोधन उद्योगमा लाग्ने प्रदुषण शुल्क | २५०००।- |
| ४ | बालुवा प्रशोधन उद्योगमा स्थानीय पूर्वाधार मर्मत सम्भार शुल्क | ५००००।- |
| ५ | क्रसर उद्योगमा लाग्ने प्रदुषण शुल्क | ५००००।- |
| ६ | क्रसर उद्योगमा स्थानीय पूर्वाधार मर्मत सम्भार शुल्क | १०००००।- |

**नगरपालिकाका स्वामित्वमा रहेका उपकरण भाडादर**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | **सक्सन मेसिनको हकमा** | |
| | (क) ६ पिससम्म रिङ्ग भएको १ सेट सफाई शुल्क | रु. ५००।- |
| | (ख) १२ थान रिङ्ग सम्म सफाई शुल्क | रु. १०००।- |
| | (ग) सेफ्टी ट्याङ्की सफाई शुल्क | रु. २०००।- |
| | (घ) धार्मिक संघ संस्था तथा सार्वजनिक शौचालयको हकमा | निःशूल्क |

| | | |
|---|---|---|
| २ | **व्याकहो लोडरको हकमा शुल्क (प्रति घण्टा) इन्धन सम्बन्धित व्यक्तिले व्यहोर्ने र बाटो समेतको समय यसैमा जोडिने छ ।** | |
| | (क) न.पा. भित्र उ.स. को हकमा | रु. १५००।- |
| | (ख) न.पा. भित्रको व्यक्तिगत प्रयोजनको हकमा | रु.१८००।- |
| | (ग) न.पा. बाहिर | रु. २२००।- |
| ३ | पानी ट्याङ्की मेसिनको हकमा (प्रति दिन) | |
| | (क) न.पा. भित्रको उपभोक्ता समिति | रु. ४०००।- |
| | (ख) न.पा. बाहिर | रु. ५०००।- |
| ४ | टिपरको हकमा (प्रति दिन) इन्धन सम्बन्धित पक्षले व्योहोर्नु पर्ने | रु. ६०००।- |
| ५ | टेक्टरको हकमा (प्रति दिन) इन्धन सम्बन्धित पक्षले व्योहोर्नु पर्ने । | रु. २०००।- |

**नोटः-** (यस ऐनमा व्यवस्था नभएको प्रकृतिका कर दस्तुरहरु असुल उपर गर्नु पर्ने भएमा करारोपण गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ सोको नगर कार्यपालिकाको बैठकले अनुमोदन गर्नेछ।)

**अनुसूची-१६**

दफा (१७) सँग सम्बन्धी

दण्ड जरिवाना

| क्र.स. | विवरण | प्रथम पटक | दोस्रो पटक | तेस्रो पटक |
|---|---|---|---|---|
| १ | अनुमती विना कलकारखाना, घर संरचना बनाउने | | | |
| क | पहिलो तल्ला | १००००।- | | |
| ख | दोस्रो तल्ला | १५०००।- | | |
| ग | तेस्रो तल्ला वा सो भन्दा माथि | २००००।- | | |
| २ | ढुङ्गा, गिट्टी वालुवाको उत्खनन र ओसार पोसार गर्ने लाई | | | |
| क | प्रति ट्रेक्टर | १०००।- | १५००।- | २०००।- |
| ख | प्रति टिपर | २५००।- | ३०००।- | ४०००।- |
| ३ | सार्वजनिक सडकमा जथाभावी फोहर फाल्नेलाई | २००।- | ५००।- | १०००।- |
| ४ | सार्वजनिक स्थल र सडकपेटिमा जथाभावी फोहर फाल्ने तथा निर्माण सामाग्री एवं पशु चौपाया छाडा छोडनेलाई | २००।- | ५००।- | १०००।- |
| ५ | भैंसी | ७५।- | २००।- | २५०।- |
| ६ | गाई | ५०।- | १५०।- | २००।- |
| ७ | बाख्रा | १०।- | ३०।- | ५०।- |

**अनुसूची-१७**

दफा (१८) सँग सम्बन्धी

बजार ठेक्काको दस्तुर

हाट बजारमा सामग्रीमा लगाइने दररेट

<u>तरकारी बजार</u>

क.) तरकारी प्रति टायरमा बेच्न ल्याउने सँग प्रति टायर रु.५०।-

ख.) १ भन्दा बढी तरकारी छैटी वा बोरामा बेच्न ल्याउने पसलसँग रु.१०।-

ग.) १ छैटी मात्र हुने सँग रु.५।-

घ.) बजारमा सदैव एकै ठाउँमा खुल्ला बेच्नेसँग प्रति पसलको रु.१५।-

ङ.) किराना, प्रचुन, दाल, मसाला, खुर्सानी तथा अन्य पसलसँग रु.२०।-

च.) बाँसबाट तयार गरको सामानहरुको प्रति पसल रु.२०।-

छ.) बीउ विजन तरकारीको हकमा प्रति पसले रु.१०।-

ज.) चटाई बिक्री गर्नेसँग प्रति पसल रु.१०।-

झ.) बाटोमा ठेलामा बेच्ने सामानको हकमा प्रति ठेला रु.२५।-

ञ.) मिठा फुटकर बेच्नेसँग सामानको हकमा प्रति पसल रु.१५।-

ट.) पल्ला गर्नेहरुसँग प्रति पसल रु.१५।-

ठ.) चौकीमा भुजा कचरी बेच्नेसँग प्रति पसल रु.१०।-

ड.) झाडु, डोरी तथा अन्य सामान बेच्नसँग प्रति पसले रु.२०।-

ढ.) फलफुल पसलेसँग रु.२०।-

ण.) सिलाई, चिया दोकान तथा अन्य पसल रु.२५।-

त.) अन्य पसलको हकमा रु.१०।-

<u>माछा बजार</u>

क.) माछा सानो पसलसँग रु.२५।-

ख.) माछा छैटी वा हण्डी तथा क्रेटमा बेच्न ल्याउने प्रति पसले रु.३५।-

ग.) माछा बजारमा गर्ने नास्ता पसले तथा चिउरा भुजा गर्ने प्रतिपसल रु.२०।-

घ.) खसी काट्ने सँग प्रति पसल रु.१००।-

ङ.) कुखुरा काट्ने सँग प्रतिदोकान सानो रु.५० र ठूलो रु.१००।-

च.) जिउँदो हासँ, कुखुरा, परेवा, तथा चुरुडी खरीद बिक्री गर्न आउने सँग रु.१०।-

छ.) छालाको हकमा निकासी तर्फ प्रतिछाला गोटा रु.१५।-

ज.) हसिया, खुर्पी प्रतिपसल रु.१०।-

झ.) हथौडी, खुर्पी प्रतिपसल रु.१०।-